१०५औं बैठकका निर्णयहरु :

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाले चालु आ.ब.मा हाल सम्म भएगरेका निर्णयहरु उपर समिक्षा हुदा ८५ प्रतिशत निर्णयहरु कार्यान्वयन भएका र अन्य १५ प्रतिशत निर्णयहरु आवश्यक कानुनको अभाव,संघ ,प्रदेश र स्थानीय सरकारहरु बीचको समन्वयको अभाव ; दोहोरो अधिकार सूचि र आर्थिक समस्या का कारण कार्यान्वय नभएको निश्कर्ष सहित निर्णय गरीयो ।

निर्णय नं २.

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ को बसपार्क स्थित टेक्टर ब्यवसायी समितिको शौचालयको ब्यवस्थापनको जिम्मेवारी ५ नं. वडा कार्यालयलाई दिने साथै वडा नं. ५ ले उक्त शौचालयको राजश्व संकलन गरि राजश्व शाखामा जम्मा गर्ने निर्णय गरीयो ।

निर्णय नं ३.

सुरक्षीत नागरिक आवास कार्यक्रमको १० दिने सार्बजिनक सूचना बमोजिम पर्न आएको निवेदन र सम्बन्धीत वडाबाट सिफारिस भई आएको निवेदनहरुलाई एकमुष्ठ रुपमा सूरक्षित नागरिक आवास कार्यक्रमका लागि सिफारिस गरी पठाउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ४

तुलसीपुर उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन शाखा अन्तरगत सामुदायीक स्वास्थ्य ईकाई छिललीकोटमा २४सै घन्टा सुरक्षित मातृत्व,प्रसुति सेवा तथा परामर्श गर्दै आएकी अ.न.मि. श्री पबित्रा चौधरीलाई अतिरिक्त सेवाको मुल्याङ्कन गरी मासिक रुपमा एकमुष्ठ रु. ५०००।(पाचहजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

तुलसीपुर उपमहानगरपालिकाको सरसफाई शाखामा कार्यरत कर्मचारीहरुलाई स्वास्थ्य जोखिमलाई मध्यनजर गरी निजहरुलाई प्रोत्साहित गरी सेवालाई प्रभावकारी बनाउनका लागि यस उपमहानगरपालिकाले आर्थिक ब्यभार ब्यहोर्ने गरी स्वास्थ्य बिमा गरिदिने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ६

तुलसीपुर उपमहानगरपालिकाको प्रतिबर्ष बजारीकरण बढिरहंदा सरसफाईको दायरा समेत बढन गई मौजुदा साधन र श्रोतबाट सरसफाईको कार्य कठिन भएकोले सोको ब्यवस्थापनका लागि १ थान कम्प्याक्टर र २ थान टेक्टर खरिद गर्ने सर्बसम्मत निर्णय गरियो ।





नि. प्रमुख प्रशासकीय अधिकृत

मिति २०७७ चैत्र २९ गते (वि.सं. २०७७।१२।२९) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०५औं बैठकका निर्णयहरु :

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ अन्तरगतको तुलसीपुर-सुर्खेत सडकको उत्तर,टेक्टर व्यवसायी समितिको कार्यालय देखि पश्चिम,शौचालय देखि पूर्ब र बधशाला देखि दक्षिणको जमिन हाल खालि रहेको अवस्थामा सो जग्गालाई ५ नं. वडा कार्यालयले कानुन बमोजिम भाडामा लगाई सोबाट उठेको राजश्व यस उपमहानगरपालिकामा जम्मा गर्ने साथै नगरपालिकाले हटाउन आदेश दिएको १५ दिन भित्र अनिवार्य संरचना हटाउने शर्तमा अस्थाई संरचना बनाई भाडामा लगाउन ५ नं. वडा कार्यालयलाई जिम्मेवारी दिने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिकाका बिभिन्न वडा कार्यालयहरु र नगर स्वास्थ्य केन्द्र तथा अन्य शाखा महाशाखामा कार्यरत कर्मचारीहरुलाई बार्षिक १लाख रकम नबढने गरी सेवा करारमा दिने सो को सम्पूर्ण अभिलेख प्रशासन तथा जनशक्ति महाशाखाले लिने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाका बिभिन्न वडामा सूरक्षित नागरिक आवास कार्यक्रममा समावेश हुन नसकेका आर्थिक रुपमा ज्यादै बिपन्न नागरिकहरुलाई खरको छाना हटाई टिनको छाना लगाउन चाहेमा टिन लगाई सकेपछि सम्बन्धीत वडाको सिफारिस तथा बस्तीबिकास तथा अन्य पुर्बाधार शाखाको सिफारिसमा निजको कुल खर्चको २५ प्रतिशत रकम यस उपमहानगरपालिकाले उपलब्ध गराउने सर्ब सम्मत निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिकाका तुलसीपुर महिला कृषि लघु उद्यमी उपज समुहको को मिति २०७७।१२।२४ को पत्रकानुसार कोसेली घर सञ्चालन तथा ब्यवस्थापनका लागि कर्जा माग गरेकोले उक्त समुहलाले स्थानीय उत्पदानमात्र बिक्रि बितरण गर्ने, ६ प्रतिशत ब्याजदर तिर्ने, मासिक रुपमा किस्ता बुझाउने र ३ बर्ष भित्र सम्पूर्ण सावा ब्याज भुक्तानी गर्ने सर्तका आधारमा रु १००००००।( दशलाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

मिति २०७७ चैत्र २९ गते (वि.सं. २०७७।१२।२९) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०५औं बैठकका निर्णयहरु :

**निर्णय नं. ११**

नयां बर्ष २०७८ को पावन अवसरमा समस्त नगरबासी दाजुभाई तथा दिदिबहिनीहरुमा सुस्वास्थ्य,दिर्घायु तथा उत्तर उत्तर प्रगितको कामना गर्दै नगरबासी र नगरपालिका बीच सुमधुर सम्बन्धमाका माध्ययमबाट बिकासको गति अघि बढोस भन्दैं हार्दिक शुभकामना ब्यत्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिका लेखा अधिकृत श्री प्रदिप वलीका पुजनीय पिता ईखबहादुर वलीको मिति २०७७।१२।२८ गते ५७ बर्षको उमेरमा भएको असमायीक दुखद निधन प्रति हार्दिक श्रद्धान्जी अर्पण गर्दै शोकाकुल परिवाजनमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत